# सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड
## बालुवाटार, काठमाडौं
## सत्रौ वार्षिक साधारण सभाको
## विवरण तथा निर्णयहरु

यस सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको सञ्चालक समितिको मिति २०७८/०६/२५ गते (तद्नुसार ११ अक्टोबर २०२१) सोमबारका दिन बसेको २७८औं बैठकको निर्णय अनुसार बोलाइएको सत्रौ वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३, डेभलपमेन्ट बैंकको प्रवन्धपत्र तथा नियमावली बमोजिम संचालक समितिका अध्यक्ष अच्यूत प्रसाद प्रसाईज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बसी निम्न विषयहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

१. साधारण सभाको मिति, समय र स्थानः

सभा हुने मिति : २०७८ साल कात्तिक १६ गते (तद्नुसार २ नोभेम्बर २०२१), मंगलवार

स्थान : लैनचौर ब्याङ्क्वेट, लैनचौर, काठमाडौं ।

सभा सुरु हुने समय : बिहान १०:०० बजे ।

२. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७(२) को प्रावधान अनुसार सत्रौं वार्षिक साधारण सभा हुने मिति, समय र छलफल हुने विषय खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुलाई सूचना पठाउनुका साथै सो बमोजिमको सूचना मिति २०७८ आश्विन २६ गतेको अभियान राष्ट्रिय दैनिक तथा मिति २०७८ कात्तिक ८ गतेको अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक मा प्रकाशित गरिएको थियो । सभाको सूचना, वार्षिक प्रतिवेदन शेयरधनी भानुभावहरुलाई जानकारीको लागि डेभलपमेन्ट बैंकको वेवसाईड www.shangrilabank.com मा समेत राखिएको थियो ।

३. **वैधानिक पूर्वाधार :**

नेपाल राष्ट्र बैंक, विकास बैंक सुंपरीवेक्षण विभागको "लाभांश घोषणा /वितरण तथा वार्षिक वित्तीय विवरण प्रकाशन सम्बन्धमा" विषयगत मिति २०७८।६।२५ गतेको पत्र (पत्र /संख्याःवि.बैं.सु.वि./ गैरस्थलगत/ सांग्रिला/०७८/०९८, च.नं. ९२) बाट आर्थिक वर्ष २०७७/०७८ को वित्तीय विवरण प्रकाशन गर्न स्वीकृत प्राप्त भई साधारण सभा गर्न बैधानिक पूर्वाधर पुरा भएकोले मिति २०७८/०७/१६ गते डेभलपमेन्ट बैंकको साधारण सभा भएको हो ।

४. **साधारण सभाका छलफलका विषयहरुः**

(क) **साधारण प्रस्तावहरु :**

(१) अध्यक्षज्यूको मन्तब्य सहित आर्थिक वर्ष २०७७/०७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे ।

Shangrila Development Bank Ltd. Kathmandu, Nepal

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको मिति २०७८ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०७७/०७८ को नाफा नोक्सान हिसाब, अन्य विस्तृत विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन लगायत सम्पूर्ण वित्तीय विवरणहरू छलफल गरी पारित गर्ने बारे ।

(३) आर्थिक वर्ष २०७८/०७९ को लागि डेभलपमेन्ट बैंकको लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (हाल वहालवाला लेखापरीक्षक श्री रन्जिव एण्ड एसोसियट्स, चार्टड एकाउण्टेन्ट्स पुनः नियुक्ति हुन योग्य हुनुहुन्छ।)

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम डेभलपमेन्ट बैंकको हाल कायम चुक्ता पूँजी २,७३,६९,७२,४२०/- को १० प्रतिशत बोनस शेयर वितरण गर्ने सम्वन्धि विशेष प्रस्ताव पारित हुँदा सो बोनस शेयर तथा कर प्रयोजनका लागि प्रस्तावित नगद लाभांश समेत गरी कुल लाभांशमा लाग्ने कर भुक्तानी प्रयोजनका लागि डेभलपमेन्ट बैंकको चुक्ता पूँजीको ०.५२६३ प्रतिशतले हुन आउने रकम रु. १,४४,०५,११८/- (अक्षेरुपी एक करोड चवालीस लाख पाँच हजार एक सय अठार मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

(५) बाँकी अवधिको लागि गरिएको संचालकको नियुक्तिको अनुमोदन सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु :**

१) हाल कायम अधिकृत पूँजी रु ३,००,००,००,०००/- (तीन अर्व) लाई वृद्धि गरी रु ५,००,००,००,०००/- (पाँच अर्व) कायम गर्ने सम्वन्धि प्रस्ताव पारित गर्ने ।

२) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु २,७३,६९,७२,४२०/- (अक्षेरुपी दुई अर्व त्रिहत्तर करोड उनान्सत्तरी लाख वहत्तर हजार चार सय वीस मात्र) को १० प्रतिशत अर्थात रकम रु. २७,३६,९७,२४२/- (अक्षेरुपी सत्ताईस करोड छत्तीस लाख सन्तानब्बे हजार दुई सय बयालीस मात्र) को बोनस शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३) डेभलपमेन्ट बैंकको हाल कायम जारी तथा चुक्ता पूँजी रु २,७३,६९,७२,४२०/- (अक्षेरुपी दुई अर्व त्रिहत्तर करोड उनान्सत्तरी लाख वहत्तर हजार चार सय वीस मात्र) रहेकोमा बोनस शेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु ३,०१,०६,६९,६६२/-(अक्षेरुपी तीन अर्ब एक करोड छ लाख उनान्सत्तरी हजार छसय बैसठ्ठी मात्र) पुर्‍याउने प्रस्ताव पारित गर्ने ।

४) विशेष प्रस्ताव नं. (१), (२) र (३) पारित भए बमोजिम हुने गरी डेभलपमेन्ट बैंकको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्वन्धि प्रस्ताव पारित गर्ने ।

५) यस सांग्रिला डेभलपमेन्ट बैंक र अन्य ईजाजतपत्र प्राप्त उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले अन्य बैंक तथा वित्तीय संस्था (हरु) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) खोजी गर्न, उपयुक्त लागेको बैंक तथा वित्तीय संस्थासँग गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति गर्ने (Acquisition) सम्बन्धी सहमतिपत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन (Due Diligence Audit) गराउने, तथा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसँग सहमति लिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण

Shangri-la Development Bank Ltd.
Kathmandu, Nepal

प्रकृया अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

६) डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधनको स्वीकृति लिने क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट फेरबदल, परिमार्जन, थपघट तथा संशोधन गर्नको लागि निर्देशन प्राप्त भएमा सो कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने ।

**(ग) विविध**

## ५. सभाको बैधानिकताः

डेभलपमेन्ट बैंकको वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३, कम्पनीको प्रवन्ध पत्र नियमावली बमोजिम बोलाइएको, सभा गर्ने सम्बन्धमा ऐनको दफा ६७ (२) बमोजिम शेयरधनी महानुभावहरुलाई पठाउनु पर्ने सूचना पठाउनुका साथै राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशन गरिएको, साधारण सभा हुन कम्पनी ऐन बमाजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी प्रतिनिधित्व हुने गरी कम्पनीका ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुन पर्ने प्रावधान रहेकोमा सत्रौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको उपस्थिति पुस्तिकामा स्वयं तथा प्रतिनिधि मार्फत उपस्थिति जनाउनु हुने शेयरधनीहरुको संख्या, शेयर संख्या र प्रतिशत तल उल्लेख भए बमोजिम रहेको र सो संख्या प्रतिशत साधारण सभाको काम, कारवाही र निर्णय गर्न पर्याप्त भई गणपुरक संख्या पुगेको हुँदा सभा ऐन, नियम कानून बमोजिम वैधानिक भएको व्यहोरा डेभलपमेन्ट बैंकको कम्पनी सचिव श्री सुजनवावु अधिकारीज्यूले सभा समक्ष प्रस्तुत गर्नु भयो ।

## ६. सभाको उपस्थितिः

(क) सभामा उपस्थित संचालकहरु

१. अध्यक्ष श्री अच्युत प्रसाद प्रसाई ज्यू

२. संचालक श्री सुशिल काजी बानियांज्यू

३. संचालक श्री नरेशमान तुलाधर ज्यू

४. संचालक श्री गंगा सागर ढकाल ज्यू

५. संचालक श्री लिसा शेरचन ज्यू

६. स्वतन्त्र संचालक श्री राजुनाथ खनाल ज्यू

७. संचालक श्री नितिश गुप्ताज्यू ज्यू

(ख) सभामा उपस्थित पदाधिकारी

Shangri-la Development Bank Ltd. Kathmandu, Nepal

१. श्री सुयोग श्रेष्ठ- प्रमुख कार्यकारी अधिकृत

२. श्री अपूर्व प्रसाद जोशी- नायव महाप्रवन्धक

३. श्री रजित मास्के- नायव महाप्रवन्धक

(ग) शेयरधनीहरुको उपस्थिति

| कूल शेयरधनी संख्या समूह "क" र "ख" | कूल शेयर संख्या | स्वयं सभामा उपस्थित शेयरधनी संख्या | प्रतिनिधी द्वारा उपस्थित शेयरधनी संख्या | जम्मा उपस्थित शेयरधनी संख्या | जम्मा उपस्थित शेयर संख्या | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|---|---|---|
| २१,३२० | २,७३,६९,७२४.२० | ३७८ | ५०१ | ८७९ | १,५६,८१,३२० | ५७.२९ |

७. **साधारण सभाको अध्यक्षता र सभा सञ्चालन**

कम्पनी ऐन, २०६३ को दफा ७४ (१) तथा डेभलपमेन्ट बैंकको नियमावलीमा साधारण सभाको अध्यक्षता संचालक समितिको अध्यक्षद्वारा गरिनेछ भन्ने व्यवस्था भए बमोजिम साधारण सभाको अध्यक्षता डेभलपमेन्ट बैंकको संचालक समितिका अध्यक्ष अच्यूत प्रसाद प्रसाईज्यूले गर्नु भयो ।

८. **स्वागत मन्तव्य**

साधारण सभामा संचालकहरु, संस्थापक शेयरधनीहरु, सर्वसाधारण शेयरधनीहरु, बाह्य तथा आन्तरिक लेखापरिक्षक, नियमनकारी निकायका प्रतिनिधिज्यूहरु, कानूनी सल्लाहकार, व्यवस्थापन तथा कर्मचारीहरु, पत्रकारहरु, अतिथिज्यूहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरुलाई डेभलपमेन्ट बैंकका अध्यक्ष श्री अच्युत प्रसाद प्रसाईज्यूले स्वागत गर्दै आफ्नो मन्तव्य प्रकट गर्नु भयो ।

९. **वार्षिक साधारण सभाको औपचारिक उद्घाटनः**

१७ औ वार्षिक साधारण सभाको उद्घाटन डेभलपमेन्ट बैकको संचालक समिति तथा साधारण सभाका अध्यक्ष श्री अच्यूत प्रसाद प्रसाईज्यूले कलात्मक पानसमा दिप प्रज्वलन गरेर गर्नुभयो । सोही अवसरमा नेपालको राष्ट्रिय गान बजाई राष्ट्र र राष्ट्रियता प्रति समर्पित भाव प्रकट गरिएको थियो ।

१०. **सभा सञ्चालनको अनुमतिः**

सभाको कार्यवाही अगाडी वढाउन तथा छलफलका लागि पूर्व निर्धारित विषयसूचीहरु सभामा प्रस्तुत गर्न सभा अध्यक्षबाट कम्पनी सचिवलाई अनुमति प्रदान भयो ।

११. **वार्षिक प्रतिवेदनको प्रस्तुतिः**

Shangri-la Development Bank Ltd. Kathmandu, Nepal

क) साधारण सभाका अध्यक्ष श्री अच्यूत प्रसाद प्रसाईज्यूले साधारण सभामा छलफलका लागि पेश गरिएका प्रस्तावहरु प्रस्तुत गर्नुका साथै संचालक समितिको तर्फबाट वार्षिक प्रतिवेदन, आ.व. २०७७/७८ को लेखा परीक्षकको लेखा परीक्षण प्रतिवेदन, २०७८ आषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण आदि सहितको आर्थिक तथा वित्तीय विवरण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

ख) अध्यक्षद्वारा प्रतिवेदन प्रस्तुत गरी सकेपछि त्यस सम्बन्धमा तथा वार्षिक साधारण सभामा निर्णयार्थ पेश गरिएका प्रस्तावहरुको सम्बन्धमा छलफलमा सहभागी भै आ-आफ्नो जिज्ञासा, सल्लाह, सुझाव, विचारहरु राख्न शेयरधनीहरुलाई अनुरोध गर्नु भयो ।

**प्रतिवेदन उपर छलफल**

सभामा शेयरधनीहरु श्री अशोक उप्रेती, श्री शत्रुघन श्रेष्ठ, श्री उद्यव प्रसाद घिमिरे, श्री व्रम्ह देव शाक्य, श्री लभराज जोशी, चन्द्रनारायण श्रेष्ठ, नरसिंहलाल चंख्खु, लव प्रसाद त्रिपाठी, शिव प्रसाद पौडेल र श्री डम्मरु वल्लभ घिमिरे छलफलमा सहभागी भई सुझावहरु दिनु भयो ।

**शेयरधनी श्री अशोक उप्रेती**

बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दै विकास बैंकहरुको भूमिका क वर्गका बैंकहरुको भन्दा भिन्न हुने र सांग्रिला डेभलपमेन्ट बैंकको कार्य सह्रानिय रहेको छ । सांग्रिला डेभलपमेन्ट बैंक मर्जरमा जानु भन्दा अन्य साना बैंक तथा वित्तीय संस्थाहरुलाई एक्विजिसन गर्न उपयुक्त हुने सुझाव व्यक्त गर्नुभयो ।

**शेयरधनी श्री शत्रुघन श्रेष्ठ ज्यू**

आफू भन्दा अगाडी रहेका विकास बैंकहरुलाई हेरेर सोही अनुसार लक्ष्य सहित यस सांग्रिला डेभलपमेन्ट बैंक अगाडी वढ्न आवश्यक छ । पूँजी वृद्धि गरेर बैंक वलियो वन्नु पर्दछ । यस सांग्रिला डेभलपमेन्ट बैंकमा शेयरधनीहरुको खाता संख्या वढाउ्नु पर्दछ । अन्य बैंकहरुसँगको ranking मा यस सांग्रिला डेभलमपेन्ट बैंक प्रत्यक वर्ष अगाडी वढ्नु पर्दछ । Loan Portfolio वढाउँदै लग्नु पर्दछ । सांग्रिला डेभलपमेन्ट बैंक अन्य कमर्सियल बैंकसँग मर्जमा जाने हैन की बैंक आफै सांग्रिला कमर्सियल बैंकमा रुपान्तरण हुनु आवश्यक छ । रेसियोहरु प्रत्यक वर्ष सुधार हुँदै गईरहेका झन् र अवका दिनमा समेत प्रत्यक वर्ष सुधार हुँदै जानु आवश्यक छ । बैंकको आफ्नै भवन हुनु आवश्यक छ भन्ने जस्ता सुझावहरु व्यक्त गर्नुभयो ।

**शेयरधनी श्री उद्यव प्रसाद घिमिरे ज्यू**

बैंकको Balance Sheet Portfolio राम्रो छ । सांग्रिला डेभलपमेन्ट बैंक मर्जरमा जानु भन्दा अन्य साना बैंक तथा वित्तीय संस्थाहरुलाई एक्विजिसन गर्न उपयुक्त हुन्छ । बैंकले मर्चेन्ट बैंकिङ्ग समवन्धी कार्यका लागि सहायक कम्पनी खोलेर सांग्रिला क्यापिटल लिमिटेड बनाउनु आवश्यक छ । त्यस्तै Life र Non life Insurance को लागि समेत बैंकले सहायक कम्पनी खोल्न आवश्यक देखिन्छ । आफू भन्दा अगाडी रहेका विकास बैंकहरुलाई हेरेर सोही अनुसार लक्ष्य सहित यस सांग्रिला डेभलपमेन्ट बैंक अगाडी वढ्न आवश्यक छ

Shangri-la Development Bank Ltd. Kathmandu, Nepal

। बैंकले समय समयमा नयां तथा राम्रा नितीहरु ल्याई अगाढी वढ्नु पर्दछ । त्यस्तै बैंकको आफ्नै भवन हुनु आवश्यक हुने लगायतका सुझावहरु व्यक्त गर्नुभयो ।

**शेयरधनी श्री व्रम्ह देव शाक्य ज्यू**

प्रत्यक वर्ष नियमित रुपमा लाभांश वितरण प्रतिशत वढाउन संचालक समिति तथा व्यवस्थापनको ध्यान जाओस् । अगिल्लो वर्षहरुमा लाभांश दर घट्दो दरमा रहेकामा यस वर्ष लाभांश दर वढेको छ । आगामी दिनहरुमा समेत लाभांश दर वढ्दो दरमा राख्न व्यवस्थापनको ध्यान जाओस् । यस आर्थिक वर्षमा ग्राहक खाता संख्या ५० हजारले वृद्धि हुनु स्वागत योग्य छ । बैंकले गरिरहेको सामाजिक उत्तरदायित्व सम्वन्धि कार्यहरु, वित्तीय साक्षरता सम्वन्धि कार्यहरुलाई निरन्तरता दिंदै जानुपर्दछ । प्रत्यक वर्ष काठमाडौं उपत्यकामा कम्तिमा पनि एक वटा सार्वजनिक सौचालय निर्माण गर्ने तर्फ बैंकको ध्यान जानु आवश्यक छ । कर्जा वृद्धिका लाग उपयुक्त निती तथा कार्यक्रम ल्याउनु पर्दछ जस्ता सुझावहरु व्यक्त गर्नुभयो ।

**शेयरधनी श्री लभराज जोशी ज्यू**

दोहोरो अंकमा दिइएको लाभांशलाई निरन्तरता दिनु पर्दछ । नयाँ खोलिएका शाखा कार्यालयहरुको उपयुक्त तरिकाले अनुगमन गर्नुपर्ने तथा नाफा वृद्धि गराउनुपर्नेमा ध्यान दिनु आवश्यक छ । कर्मचारीहरुलाई आन्तरिक तथा वाह्रय तालिमहरुको अवसर दिई कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न व्यवस्थापनको ध्यान जानु पर्दछ । यस वर्षको क्यालेन्डरमा पर्यटकीय क्षेत्रका तस्विरहरु राख्नाले पर्यटन क्षेत्रको प्रवर्द्धन भएको कुरालाई स्विकार गर्दै यस किसिमका पर्यटन प्रवर्द्धन गर्ने सम्वन्धि क्रियाकलापहरुलाई निरन्तरता दिंदै जानु पर्दछ । कर्मचारीहरुको मनोवल वृद्धिका लागि राम्रो काम गर्ने कर्मचारीहरुलाई पुरस्कार प्रदान गरी प्रोत्साहन तथा नराम्रो काम गर्ने कर्मचारीहरुका लागि सोही किसिमको सजाय हुने तरिका अपनाउने तथा कर्मचारीहरुलाई निश्चित target दिई कर्मचारी व्यवस्थापन गर्नुपर्दछ । कर्मचारीहरुको सरुवामा समेत कर्मचारीहरुको क्षमतालाई आधार वनाउनु पर्दछ । कर्जा प्रवाह गर्दा कर्पोरेट कर्जालाई भन्दा साना तथा मझौला कर्जालाई प्राथमिकता दिइयोस् । बैंक जहिलेपनि नेपाल राष्ट्र बैंकको निती नियम भित्र रहेर काम गर्नुपर्दछ र शेयरधनीहरुलाई फाइदा पुग्ने हिसावले रणनीति बनाई बैंकले काम गर्नुपर्दछ भन्ने विषयहरु समावेश गरेर सुझाव दिनुभयो ।

**शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठ ज्यू**

यस वर्ष संचालक समितिबाट शेयरधनीहरुलाई वोनश शेयर १० प्रतिशतका दरले दिने प्रस्ताव सन्तोषजनक रहेको छ । २० प्रतिशतले आम्दानीमा वृद्धि भएको छ । खर्चमा अलि धेरै वृद्धि भएकाले कम गरिनु पर्दछ । बैंकिङ्ग उद्योगको तुलनामा वढी कर्जा र डिपोजिट वृद्धि हुनु सकारात्मक पक्ष हो । ग्राहक संख्या तथा शाखा संख्यामा समेत वृद्धि हुनुलाई सकारात्मक दृष्टिले हेर्न सकिन्छ । अवका दिनमा बैंकले बोनश शेयर र नगद लाभांश दुवै समावेश गरेर शेयरधनीहरुलाई वितरण गर्न सक्ने हुनुपर्छ भन्ने लगायतका सुझावहरु दिनुभयो ।

**शेयरधनी श्री नरसिंहलाल चखूँ ज्यू**

Shangrila Development Bank Ltd.
Kathmandu, Nepal

वार्षिक वित्तीय विवरण प्रगतिउन्मुख देखिन्छ यसलाई कायम राख्न सक्नुपर्दछ । कर्जा असुलीमा विशेष ध्यान जानु आश्यक छ । NPL १ प्रतिशत भन्दा तल झार्नु पर्दछ । दोस्रो वजार मार्फत शेयरमा लगानी गरेर समेत नाफा वृद्धि गर्ने तर्फ विशेष ध्यान जानु आवश्यक छ । समय समयमा Risk Assment गर्नुपर्छ र Risk Management मा focus हुनु पर्दछ । बैंकको सम्पूर्ण कर्मचारी काममा उत्प्रेरित हुने वातावरण सृजना गर्नुपर्दछ । NII ratio सुधार भैरहेको छ र अवका दिनमा समेत सुधार हुँदै जानु पर्दछ भन्ने सुझावहरु व्यक्त गर्नुभयो ।

**शेयरधनी श्री लवप्रसाद त्रिपाठी ज्यू**

मुग्लिङ्ग नारायणगढ सडक खण्डमा राखिएका सन्देशमुलक होडिङ्ग वोर्डहरुले सकारात्मक सन्देश दिएको कारण यस किसिमका कार्यहरुले निरन्तरता पावस् भन्ने हाम्रो मनसाय रहेको छ । कर्मचारी उत्प्ररणामा विशेष ध्यान पुगोस् । वार्षिक साधारण सभाकै समयमा कर्मचारीहरुलाई पुरस्कार वितरण जस्ता कार्यहरु गरिएको अवस्थामा यसले कर्मचारीलाई उत्प्रेरित गर्न सहयोग पुऱ्याउँदछ । कर्मचारीहरुको मनोवल वृद्धिका लागि राम्रो काम गर्ने कर्मचारीहरुलाई पुरस्कार प्रदान गरी प्रोत्साहन तथा नराम्रो काम गर्ने कर्मचारीहरुका लागि सोही किसिमको सजाय हुने तरिका अपनाउने गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ । बैंकमा फोन गर्दा प्रयोग गरिएको voice record लाई परिवर्तन गरी सहज ढंगले बुझ्न सकिने बनाउनुपर्दछ । बैंकले सामाजिक उत्तरदायित्व सम्वन्धि कार्यमा अलि बढी ध्यान पुऱ्याउनुपर्दछ जस्ता सुझावहरु व्यक्त गर्नुभयो ।

**शेयरधनी श्री शिवप्रसाद पौडेल ज्यू**

बैंकले सकभर छिटो बोनश शेयर सूचिकरण गराउने कार्य गर्नुपर्दछ । आफू भन्दा अगाडी रहेका विकास बैंकहरुलाई हेरेर सोही अनुसार लक्ष्य सहित यस सांग्रिला डेभलपमेन्ट बैंक अगाडी वढ्न आवश्यक छ । सांग्रिला डेभलपमेन्ट बैंक मर्जरमा जानु भन्दा अन्य साना बैंक तथा वित्तीय संस्थाहरुलाई एक्विजिसन गर्न उपयुक्त हुने सुझाव व्यक्त गर्नुभयो ।

**शेयरधनी श्री डम्वरु वल्लभ घिमिरे ज्यू**

सांग्रिला डेभलपमेन्ट बैंकको इतिहासमै पहिलो पटक समयमा वार्षिक साधारण सभा गर्न बैंक सक्षम भएकोमा यसलाई निरन्तरता दिइयोस् । यस वर्ष झै प्रत्यक वर्षक दोहोरो अंकमा लाभांश दिन बैंक लाग्नु पर्दछ । अध्यक्ष ज्यूको प्रतिवेदन अझ संक्षिप्त वनाई १-२ पेज भित्र हुने गरी समेटिनुपर्दछ । प्रत्यक शेयरधनीहरुले आफ्नो वैंकले प्रवर्द्धन गर्ने हिसावले बैंक खाता खोल्नु पर्दछ भन्ने विषयहरु समेटेर सुझावहरु व्यक्त गर्नुभयो ।

**शेयरधनी महानुभावहरुबाट व्यक्त गरिएको उपरोक्त जिज्ञासा एवं सुझावहरुका सम्बन्धमा सभाका अध्यक्ष श्री अच्यूत प्रसाद प्रसाईज्यू तथा प्रमुख कार्यकारी अधिकृत श्री सुयोग श्रेष्ठज्यूले निम्न जवाफ दिनुभयो ।**

सभाका अध्यक्ष श्री अच्यूत प्रसाद प्रसाईज्यू, प्रमुख कार्यकारी अधिकृत श्री सुयोग श्रेष्ठज्यूले शेयरधनीहरुले डेभलपमेन्ट बैंकका काम कियाकलाप उन्नति प्रगतिका सम्बन्धमा गर्नु भएको सराहना प्रति धन्यवाद ज्ञापन गर्नुका साथै दिनु भएको बहुमुल्य सल्लाह सुझाव प्रति आभार व्यक्त गरी उक्त सुझावहरुलाई डेभलपेन्ट बैंकको

Shangri-la Development Bank Ltd. Kathmandu, Nepal

भावी योजनाको मार्ग दर्शनको रुपमा लिने प्रतिवद्धता प्रकट गर्दै शेयरधनीहरुले छलफलका क्रममा उठाउनु भएका प्रश्नहरुको क्रमवद्ध रुपमा जवाफ दिनुका साथै राख्नु भएको जिज्ञासाहरुलाई स्पष्ट पार्नु भयो ।

१२. **साधारण सभाका निर्णयहरुः**

साधारण सभाद्वारा पारित गरिनु पर्ने साधरण तथा विशेष प्रस्तावहरु अध्यक्षज्यूले पारितका लागि सभा समक्ष प्रस्तुत गर्नु भएकोमा सर्वसम्मतिले प्रस्तवहरु परित भै निम्न निर्णयहरु गरियो ।

क) **सामान्य प्रस्ताव उपरका निणर्यहरुः**

(१) अध्यक्षज्यूको मन्तव्य सहित आर्थिक वर्ष २०७७/०७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने निर्णय गरियो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको मिति २०७८ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०७७/०७८ को नाफा नोक्सान हिसाब, अन्य विस्तृत विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन लगायत सम्पूर्ण वित्तीय विवरणहरू पारित गर्ने निर्णय गरियो ।

(३) आर्थिक वर्ष २०७८/०७९ मा डेभलपमेन्ट बैंकको लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम बैंकको आ.व. २०७८/०७९ को लेखापरीक्षण गर्न श्री रन्जिव एण्ड एसोसियट्स, चार्टड एकाउण्टेन्ट्स लाई निजको पारीश्रमिक वापत लेखा परीक्षण शुल्क, Tax Audit, Long Form Audit Report, कम्पनी ऐन २०६३ को दफा ७८ प्रमाणिकरण र खाने तथा बस्ने खर्च समेत गरी रु. १०,००,०००/- (अक्षेरेपी रु दश लाख) (मूल्य अभिबृद्धि कर वाह्रेक) प्रदान गर्ने गरि नियुक्त गर्ने निर्णय गरियो ।

(४)सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम डेभलपमेन्ट बैंकको हाल कायम चुक्ता पूँजी २,७३,६९,७२,४२०/- को १० प्रतिशत बोन्नस शेयर वितरण गर्ने सम्वन्धि विशेष प्रस्ताव पारित हुँदा सो बोनस शेयर तथा कर प्रयोजनका लागि प्रस्तावित नगद लाभांश समेत गरी कुल लाभांशमा लाग्ने कर भुक्तानी प्रयोजनका लागि डेभलपमेन्ट बैंकको चुक्ता पूँजीको ०.५२६३ प्रतिशतले हुन आउने रकम रु. १,४४,०५,११८/- (अक्षेरुपी एक करोड चवालीस लाख पाँच हजार एक सय अठार मात्र) नगद लाभांश वितरण गर्ने निर्णय गरियो ।

(५) सर्वसाधारण शेयरधनीका तर्फबाट बाँकी अवधीका लागि संचालक समितिको निर्णय अनुसार नियुक्त गरिएको संचालक श्री नितिश गुप्ताको नियुक्तिको अनुमोदन गर्ने निर्णय गरियो ।

**ख) विशेष प्रस्ताव उपरको निर्णयहरुः**

१) हाल कायम अधिकृत पूँजी रु ३,००,००,००,०००/- (तीन अर्व) लाई वृद्धि गरी रु ५,००,००,००,०००/- (पाँच अर्व) कायम गर्ने निर्णय गरियो ।

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु २,७३,६९,७२,४२०/- (अक्षेरुपी दुई अर्व त्रिहत्तर करोड उनान्सत्तरी लाख वहत्तर हजार चार सय वीस मात्र) को १० प्रतिशत अर्थात रकम रु. २७,३६,९७,२४२/- (अक्षेरुपी सत्ताईस करोड छत्तीस लाख सन्तानब्बे हजार दुई सय बयालीस मात्र) को बोनस शेयर जारी गर्ने निर्णय गरियो ।

२) डेभलपमेन्ट बैंकको हाल कायम जारी तथा चुक्ता पूँजी रु २,७३,६९,७२,४२०/- (अक्षेरुपी दुई अर्व त्रिहत्तर करोड उनान्सत्तरी लाख वहत्तर हजार चार सय वीस मात्र) रहेकोमा वोनस शेयर वितरण पश्चात जारी तथा चुक्ता

Shangri-la Development Bank Ltd. Kathmandu, Nepal

पूँजी रु ३,०१,०६,६९,६६२/-(अक्षेरुपी तीन अर्ब एक करोड छ लाख उनान्सत्तरी हजार छसय बैसठ्ठी मात्र) पुऱ्याउने निर्णय गरियो ।

४) विशेष प्रस्ताव नं. (१), (२) र (३) पारित भए बमोजिम डेभलपमेन्ट बैंकको प्रवन्धपत्रमा देहाय अनुसार संशोधन गर्ने निर्णय गरियो ।

**सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको प्रबन्धपत्रको संशोधनको तीन महले विवरण**

| दफा नं. | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|
| ५(क) | विकास बैंकको अधिकृत पुंजी रु. ३,००,००,००,०००/-(अक्षेरुपी तीन अर्ब मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ३,००,००,००० (तीन करोड ) थान साधारण शेयर मा विभाजन गरिएको छ । | विकास बैंकको अधिकृत पुंजी रु. ५,००,००,००,०००/-( अक्षेरुपी पाँच अर्ब मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ५,००,००,००० (पाँच करोड ) थान साधारण शेयर मा विभाजन गरिएको छ । | १० प्रतिशत बोनस शेयर वितरण गरेपश्चात विकास बैंकको जारी तथा चुक्ता पुँजीमा वृद्धि हुने भएकाले अधिकृत पूँजीमा समेत वृद्धि गर्न आवश्यक भएकाले । |
| ५(ख) | विकास बैंकको जारी पुँजी रु. २,७३,६९,७२,४२०/-(अक्षेरुपी दुई अर्ब त्रिहत्तर करोड उनान्सत्तरी लाख बहत्तर हजार चार सय बीस मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले २,७३,६९,७२४.२० (दुई करोड त्रिहत्तर लाख उनान्सत्तरी हजार सात सय चौबीस दशमलब बीस) थान साधारण शेयर मा विभाजन गरिएको छ । | विकास बैंकको जारी पुँजी रु. ३,०१,०६,६९,६६२/-( अक्षेरुपी तीन अर्ब एक करोड छ लाख उनान्सत्तरी हजार छयस बैसठ्ठी मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ३,०१,०६,६९६.६२ (तीन करोड एक लाख छ हजार छ सय छयानब्बे दशमलब वैसठ्ठी) थान साधारण शेयर मा विभाजन गरिएको छ । | १० प्रतिशत बोनस शेयर वितरण गरेपश्चात विकास बैंकको जारी तथा चुक्ता पुँजीमा वृद्धि हुने भएकोले । |
| ५(ग) | विकास बैंकको चुक्ता पुँजी रु. २,७३,६९,७२,४२०/-(अक्षेरुपी दुई अर्ब त्रिहत्तर करोड उनान्सत्तरी लाख बहत्तर हजार चार सय बीस मात्र) हुनेछ । | विकास बैंकको चुक्ता पुँजी रु. ३,०१,०६,६९,६६२/-( अक्षेरुपी तीन अर्ब एक करोड छ लाख उनान्सत्तरी हजार छयस बैसठ्ठी मात्र) हुनेछ । | |

Shangri-la Development Bank Ltd. Kathmandu, Nepal

५)	यस सांग्रिला डेभलपमेन्ट बैंक र अन्य ईजाजतपत्र प्राप्त उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले अन्य बैंक तथा वित्तीय संस्था (हरु) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) खोजी गर्न, उपयुक्त लागेको बैंक तथा वित्तीय संस्थासँग मर्जर तथा एक्विजिसन सम्बन्धी सहमतिपत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन (Due Diligence Audit) गराउने, तथा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसँग सहमति लिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रकृया अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

६)	डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधनको स्वीकृति लिने क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट फेरबदल, परिमार्जन, थपघट तथा संशोधन गर्नको लागि निर्देशन प्राप्त भएमा सो कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**विविध**

विविध अन्तर्गत छलफलको कुनै पनि विषय नभएकोले छलफल नभएको ।

१३.	**धन्यवाद प्रदान तथा सभाको समापन**

डेभलपमेन्ट बैंकलाई निरन्तर सहयोग पुर्‍याउँदै आउनु भएका सम्पूर्ण संचालकहरु, शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रार कार्यालय, धितोपत्र वोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, शेयर रजिष्ट्रार एनआइविएल एसे क्यापिटल लिमिटेड तथा अन्य सम्बन्धित सम्पूर्ण निकायहरु, ग्राहक महानुभावहरु अतिथिज्यूहरु, पत्रकारहरु प्रति र डेभलपमेन्ट बैंकको उन्नतिमा योगदान पुर्‍याउनु हुने सम्पूर्ण बैंक वित्तीय संस्था, बैंकमा कार्यरत सम्पूर्ण मानव संशाधन परिवार तथा बैंक उच्च व्यवस्थापन र कार्यक्रम स्थल उपलब्ध गराउनुहुने लैनचौर ब्याङ्क्वेट परिवार प्रति धन्यवाद ज्ञापन गर्दै अध्यक्ष श्री अच्यूत प्रसाद प्रसाईज्यूले सत्रौं वार्षिक साधारण सभाको समापन गर्नु भयो ।

.....................
सुजनवावु अधिकारी
**कम्पनी सचिव**

Shangri-la Development Bank Ltd. Kathmandu, Nepal

.....................
अच्यूत प्रसाद प्रसाई
**अध्यक्ष**

सभा सम्पन्न भएको मितिः २०७८ साल कात्तिक १६ गते तद्नुसार २ नोभेम्बर २०२१, मंगलवार ।